Innovative Research Journal Volume: 4, Issue 2: December, 2025

A Peer Reviewed Innovative Research Journal
**Submission Date**: 10 October 2025
**Revised Date:** 25 November 2025
**Accepted Date**: 18 December 2025
**Publish Date:** 31 December 2025
**DOI:** https://doi.org/10.3126/irj.v4i2.91133
**Website**: www.nircenter.com.np
**National Innovative Research Center, Kathmandu-32, Nepal**

# आधारभूत तहका खस भाषी विद्यार्थीहरूको वाक्यगठनमा क्रियाको प्रयोग

**रणबहादुर रावत**
*sanjeevktwoh@gmail.com*
**ग्राजुएट स्कुल अफ एजुकेसन, शिक्षार्थी, कीर्तिपुर**

## लेखसार

*प्रस्तुत लेख आधारभूत तहका खस भाषी विद्यार्थीहरूको वाक्यगठनमा क्रिया प्रयोगको अवस्था पहिचानमा केन्द्रित रहेको छ । गुणात्मक ढाँचामा सम्पन्न भएको अध्ययनमा उद्देश्यमूलक सहभागी छनौट विधिबाट आधारभूत तह कक्षा पाँचमा अध्ययनरत दशजना विद्यार्थीहरूलाई सहभागीको रूपमा छनौट गरिएको छ । सहभागीबाट सङ्कलन गरिएका तथ्यलाई थिम्याटिक रुपमा अध्ययन विश्लेषण गरिएको छ । खस भाषी विद्यार्थीहरूको वाक्यगठन कस्तो रहेको छ ? वाक्य गठन गर्दा कस्ता क्रियापदहरूको प्रयोग गर्दछन्? आदि अनुसन्धान प्रश्नहरूको निराकरण गरिएको छ ।  खस भाषी विद्यार्थीहरूले वाक्यगठन गर्दा प्रयोग गर्ने क्रियाहरूको पहिचान गर्नु र वाक्य गठनमा कालगत आधारमा त्रुटिको क्षेत्र पहिचान गर्नु जस्ता अनुसन्धानका उद्देश्य राखिएको छ । स्थलगत अध्ययनमा आधारित अनुसन्धानमा प्राप्त तथ्यलाई वाक्यमा प्रयोग भएका क्रियाहरूको कालिक पक्षका आधारमा विश्लेषण गरिएको छ । सबैभन्दा धेरै त्रुटि भूतकालीन क्रियापदमा देखिएको र वर्तमान तथा भविष्यतकालीन क्रियापदमा सामान्य त्रुटि गरेको पाइएको छ । विद्यार्थीहरूले कालका सामान्य पक्षसँग सम्बन्धित वाक्यात्मक अभिव्यक्ति धेरै दिएका र अपूर्ण  तथा पूर्ण पक्षसँगका क्रियाले बनेका वाक्यहरूको प्रयोग कमै गरेको पाइएको छ । अध्ययनले खस भाषी विद्यार्थीहरूले वाक्य गठन गर्दा क्रियाको प्रयोग गर्ने क्रममा ‘थ’ वर्णको स्थानमा ‘छ’ वर्णको प्रयोग धेरै गर्ने गरेको देखिन्छ । त्यस्तै ‘ढ’ वर्णको स्थानमा ‘ड’ वर्णको बढी प्रयोग गरेको पाइएको छ । खस भाषी विद्यार्थीहरूले वाक्य निर्माणमा क्रियापदको प्रयोग गर्दा त्रुटिहरू गर्ने गरेको र त्यस किसिमका त्रुटिहरू निराकरणका लागि त्रुटिका कारणहरू पहिचान गरी सोही अनुसारका ठोस क्रियाकलापहरू अपनाइ शिक्षण कलामा समेत सुधार गरेरमा क्रियाको सही प्रयोग हुने निष्कर्ष अनुसन्धानबाट प्राप्त भएको छ ।*

**शब्दकुञ्जीः-** *अभिव्यक्त, क्रियापद, खस, निर्माण, वाक्य ।*

## विषय परिचय

भाषिक संरचनामा उपवाक्यभन्दा माथिल्लो एकाइ वाक्य हो । "उपवाक्यभन्दा माथिल्लो र सङ्कथनभन्दा तल्लो भाषिक एकाइलाई वाक्य भनिन्छ" (न्यौपाने र अन्य,२०६७,पृ. १४५) । वाक्य उपवाक्यभन्दा माथिल्लो र सङ्कथनभन्दा तल्लो भाषिक एकाइ भएपनि वाक्य निर्माण संरचनामा पद पदावली र उपवाक्य तथा व्याकरणिक कार्यको समेत महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यस्तै वाक्य निश्चित पदक्रममा रहने कुरालाई जोड्दै बन्धु (२०७७) ले भनेका छन् "वाक्यभित्र पदहरूको निश्चित व्याकरणिक क्रम हुन्छ । यसमा परिवर्वतन गरी विशेष सूक्ष्म अर्थ प्रदान गर्न सकिन्छ । यसलाई नेपाली वैयाकरणहरूले आलङ्कारिक क्रम भनेका छन्" (पृ. १०४) । यसरी व्याकरणिक पदक्रम कर्ता, कर्म र क्रियाको संरचनामा हुने र आलङ्कारिक पदक्रम सामन्य बोलिचाली तथा साहित्यमा प्रयोग हुने किसिमको कर्ता, कर्म र क्रियाको क्रमिक संरचनामा नहुन सक्छ । वाक्य निर्माणमा व्याकरणिक पदक्रम तथा संरचना अन्तर्गत क्रिया पनि रहने भएकाले यसको स्थान वाक्य निर्माणमा महत्त्वपूर्ण हुने गर्दछ । "भाषाविदहरूले वाक्यलाई आआफ्नै किसिमले परिभाषित गरेका छन् । पूर्वीय वैयाकरणहरूले सुवन्त (नामिक पद) र तिङन्त (क्रियापद) को समष्टि वा क्रियाले युक्त भएको कारक समूहलाई वाक्यका रूपमा लिएका छन्" (गौतम र चौलागाई,२०७०, पृ. २२१) । यसरी हेर्दा नामिकपद र क्रियापदले वाक्य निर्माणमा प्रमुख भुमिका खेल्ने देखिन्छ ।

वाक्यमा उक्तिको समापन गर्ने विशेषताका दृष्टिमा बन्धु (२०७८) का अनुसार "भेल्मा र पिकेटले वाक्यलाई परिभाषित गर्न कठिन छ भन्दै के भनेका छन् भने वाक्य भनेको एउटा यस्तो एकाइ हो जसमा समापनको सङ्केत गर्ने अनुतान वा विराम हुन्छ र जसले सधैँ नभए पनि प्रायः जसो बृहत्तर संरचनाको स्थानपूर्ति गर्छ" (पृ. ९६) । यसरी वाक्यमा विरामको विशेषता हुन्छ र त्यस किसिमको विरामको संकेतकको रूपमा क्रियाले भूमिका खेल्ने कुरा स्पष्ट पार्न सकिन्छ । यसरी वाक्य निर्माण कार्यको महत्त्वपूर्ण भूमिकामा रहने क्रियापदको उचित प्रयोग विना सार्थक वाक्य बन्न नसक्ने देखिन्छ । "फिल्मोरका अनुसार क्रियाकै आर्थी अभिलक्षणका आधारमा वाक्यमा कारकको निर्धारण हुन्छ" ( चौलागाई,२०७९, पृ. १९३) । रूपान्तरण व्याकरणको विश्लेषण गर्ने क्रममा यसरी चौलागाईले प्रस्तुत गरेको वाक्यांशलाई आधार मान्दा वाक्यमा क्रियाको उच्च स्थान हुन्छ भन्ने स्पष्ट भएको छ । वाक्य निर्माणमा महत्त्वपूर्ण भूमिका निभाउने क्रिया के हो त भन्ने सन्दर्भमा शर्मा (२०७१) का अनुसार "वाक्यमा विधेय भएर आई घटना, कार्यव्यापार, स्थित वा अवस्था बुझाउने शब्दलाई क्रिया भनिन्छ"(पृ . १३६) । अर्थात वाक्यमा क्रियाले कर्ताको कामका बारेमा स्पष्ट पार्ने गर्दछ । लम्साल (२०६८) का अनुसार "कुनै काम भएको वा हुने कुरा बुझाउने शब्दलाई क्रिया भनिन्छ" (पृ. १०९) । क्रियाले कामको अवस्थालाई संकेत गर्ने र यसको अनुपस्थितिमा वाक्य अपुरो देखिन्छ । त्यसैले वाक्य गठनमा मुख्य भूमिकामा रहने क्रियाको प्रयोगका हिसाबले खस भाषी विद्यार्थीहरू कस्ता क्रिया प्रयोग गरेर वाक्य निर्माण गर्दछन् भन्ने विषयको खोजी गरेर निष्कर्ष निकाल्नु नै यस अध्ययनको प्रमुख समस्या हो ।

खस भाषी विद्यार्थीहरू खस समुदाय र खस सभ्यताको छत्रछाँयामा हुर्कँदै गर्ने भएकाले उनीहरूको भाषिक व्यवहार तथा सिकाइमा त्यसले प्रभाव पार्ने देखिन्छ । भाषा

सामाजिक सम्पति पनि हो । भाषा समाजको सांस्कृतिक, धार्मिक तथा जातिगत पृष्ठभूमिबाट प्रभावित हुन्छ । त्यसैले यस सन्दर्भमा अधिकारी (२०७४) ले भनेका छन् "जुन भौगोलिक, सांस्कृतिक तथा कालिक परिवेशमा भाषाको प्रयोग भएको छ, त्यसको संरचना, शब्द भण्डार आदिमा सोही अनुरूपको छाप परेको पाइन्छ" (पृ.१५) । खस भाषा साविकको कर्णालीमा वर्तमान समयमा पनि प्रयोग व्यवहारमा रहेको भाषा भएकाले यसको संरचनागत प्रभाव खस भाषी बालबालिकामा परेको देखिन्छ । खस भाषी विद्यार्थीहरूका लागि नेपाली दोस्रो भाषाको रूपमा सिकिने भएकाले पहिलो भाषा अर्थात खस मातृभाषाको हस्तक्षेपका कारण यस किसिमका त्रुटिहरू हुने देखिन्छ । खनिया (२०८१), का अनुसार पहिलो भाषाको उच्चारण प्रक्रिया, शब्द रचना, वाक्य गठन र शब्द भण्डारको उपयोगमा बानी परिसकेको सिकारूले अर्को भाषाको उच्चारण, शब्द भण्डार, वाक्य वठन जस्ता कुरा सिक्दा आफ्नो मातृभाषाबाट प्रभावित नभइ सिक्न सक्दैन" (पृ. १६) । खस भाषी विद्यार्थीहरू पनि आफ्नो मातृभाषाको भाषिक व्यावहारमा बानी परिसकेको हुने भएकाले नेपाली सिकाइका सन्दर्भमा वाक्य गठन गर्दा त्रुटि गर्न सक्ने देखिएको छ । पौडेल (२०६८) ले आफ्नो पुस्तकमा त्रुटि विश्लेषणबारे उल्लेख गर्ने सन्दर्भमा भनेका छन् :

> पहिलो र दोस्रो जुनसुकै भाषा सिकाइमा पनि त्रुटि हुनु स्वभाविक प्रक्रिया हो । तर दोस्रो भाषा सिकाइमा प्राय: पहिलो भाषामा जस्तो सम वातावरण र सम समयावसर प्राप्त नहुने हुनाले अथावा एउटा भाषामा अभ्यस्त भइ सके पछि सिकिने हुँनाले पहिलो भाषा सिकाइमा भन्दा निकै धेरै त्रुटिहरू हुन सक्छन् ( पृ . २१४ ) ।

पहिलो भाषामा जस्तो दोस्रो भाषा सिकाइ सहज नहुने वा एउटा भाषाको अभ्यस्तताले पछिल्लो भाषा सिकाइमा प्रभाव पार्न सक्ने भएकाले नै खस भाषी विद्यार्थीहरूमा वाक्य गठन गर्दा क्रिया प्रयोगमा त्रुटि हुने देखिन्छ । यस प्रकारका समस्या र भाषा सिकाइका अवस्थाका सम्बन्धी विभिन्न अनुसन्धानहरू भइरहेका पाइन्छन् ।

आचार्य (सन २०१८) ले जुम्ली भाषाको वाक्यमा कालगत (पक्ष) व्यवस्थाको अध्ययन गर्ने क्रममा कालगत व्यवस्थामा अपूर्ण, पूर्ण, अभ्यस्त, अज्ञात पक्षको अध्ययनमा अभ्यस्त पक्षको सहायक क्रिया छियो, छ्यौँ को प्रयोग जुम्ली भाषामा हुने गरेको, वर्तमान कालको परिवेशमा अपूर्ण पक्ष तृतीय पुरुषमा धातु + दै / छ, छु प्रयोग हुने, भूतकालको परिवेशमा अपूर्ण पक्ष प्रथम पुरुषमा दै + छियाँ / छियो क्रिया, द्वितीय पुरुषमा दै + छियौ / छिई क्रिया र तृतीय पुरुषमा धातु + दै +छियो / छिया क्रियाको प्रयोग हुने गरेको पाइएको निष्कर्ष प्राप्त गरेको देखिन्छ । खस मातृभाषी विद्यार्थीहरुले नेपाली भाषा सिकाइमा गरेका त्रुटिको अध्ययन गर्नका लागि खत्री (सन २०२४) ले गरेको अध्ययनमा क्रियापदको अन्तिम वर्णलाई हलन्त उच्चारण गरेको , तिमी कर्तामा प्रयोग हुने पढ्छ, भन्छ, गर्छ, लेख्छ जस्ता संयुक्त व्यञ्जनमा आउने अकारान्त क्रियापदलाई पढडोछ, भन्नोछ, गर्दोछ , लेक्दोछ् उच्चारण गरेर खस मातृभाषी विद्यार्थी नेपाली उच्चारणमा निकै कमजोर रहेको, नेपाली बोल्दा राम्रो उच्चारण गर्न नसकेको र खस शब्द मिसाएर बोल्ने गरेको निष्कर्ष निकालिएको छ ।

आचार्य (सन २०२४) ले जुम्ली भाषाको नाम र कोटिकरबीचको सङ्गति व्यवस्थाले नेपाली भाषाको सिकाइमा पारेको प्रभावका विषयमा अध्ययन गर्ने गरेर जिुम्ली भाषामा असङ्ख्येय नामका अगाडि आएको सङ्ख्यावाचकले कोटिकरको क्रियालाई प्रभाव पार्ने गरेको हुन्छ । जुम्ली भाषामा कोटिकर शब्द समेत नेपाली भाषामा भन्दा भिन्न रहेका हुन्छन् भनी विश्लेषण गरेको पाइएको छ । खस भाषा, सिँजाली भाषा र जुम्ली भाषामा खास भिन्नता नदेखिएता पनि खस भाषासँग सम्बन्धित अन्य केही अध्ययनहरु भएका तर वाक्य गठनमा क्रियाको प्रयोग सम्बन्धी अनुसन्धानहरू भएको नपाइएकाले अनुसन्धान रिक्तताको परिपूर्ति स्वरूप सम्पन्न भएको प्रस्तुत अनुसाधानमा खस भाषी विद्यार्थीहरूको वाक्य गठनमा क्रियाको प्रयोगमा हुने त्रुटि पहिल्याउन त्रुटि विश्लेषणका आधारमा अध्ययन गर्न उपयुक्त देखिन्छ । त्यसैले त्रुटि विश्लेषणकै आधारमा अध्ययन गरेर आवश्यक नतिजा निकाल्नु अनुसन्धानको प्रमुख समस्या रहेको छ । यस किसिमको समस्या समाधानका आवश्यक उपायहरू सुझाउनुका साथै भावी अनुसन्धाताका लागि समेत प्रस्तुत अनुसन्धान उपयोगी हुने अपेक्षा गरिएको छ ।

## अनुसन्धान उद्देश्य

प्रस्तुत अध्ययनका लागि निम्नानुसारका उद्देश्यहरु रहेका छन् :

(क) आधारभूत तहका खस भाषी विद्यार्थीहरूले वाक्यगठन गर्दा प्रयोग गर्ने क्रियाहरूको पहिचान गर्नु ।

(ख) वाक्य गठनमा कालगत आधारमा त्रुटिको क्षेत्र पहिचान गर्नु ।

## अनुसन्धान प्रश्न

प्रस्तुत अनुसन्धानका लागि निम्नानुसारका अनुसन्धान प्रश्नहरूमा केन्द्रित रहेको छ :

(क) खस भाषी विद्यार्थीहरूको वाक्यगठन कस्तो रहेको छ ?

(ख) वाक्य गठन गर्दा कस्ता क्रियापदहरूको प्रयोग गद्र्छन् ?

(ग) कुन कालसँग सम्बन्धित वाक्यमा धेरै त्रुटिहरू गर्छन् ?

## अध्ययनको महत्व

प्रस्तुत अध्ययन आधारभूत तहका खस भाषी विद्यार्थीहरूको वाक्यगठनमा क्रियाको प्रयोग अवस्था पहिचान गर्न र क्रिया प्रयोगमा आउन सक्ने समस्याहरू पहिचान गर्न महत्त्वपूर्ण हुने देखिन्छ । सिकाइका क्रममा खस भाषी विद्यार्थीहरूका वाक्यगठन सम्बन्धी के कस्ता सहजता र के कस्ता चुनौतिहरु रहेकाछन् त्यसको समेत पहिचान गर्नुका साथै शिक्षकले कसरी प्रभावकारी शिक्षण गरेर त्यस किसिमका चुनौतीहरू समाधान गर्न सक्दछ भन्ने विषयको खोजी गर्न समेत अध्ययन महत्त्वूर्ण हुने देखिन्छ ।

## अध्ययन विधि

अध्ययन विधि भन्नाले अनुसन्धानलाई सार्थक बनाउनका लागि उपयोग गरिने प्रक्रियागत तरिका भन्ने बुझिन्छ । प्रस्तुत अध्ययनलाई सार्थक निष्कर्षमा पुऱ्याउन गुणात्मक ढाँचाको स्थलगत अध्ययन पद्धति प्रयोग गरिएको छ । गुणात्मक विधिका सवालमा खनाल, (२०८०) ले भनेका छन् " कुनै अवस्था, घटना, प्रक्रिया तथा समस्याको अध्ययन गर्ने

उद्देश्यले नामरूपी तथा क्रमागत स्केलमा मापन गरिएका वा शाब्दिक रूपमा सङ्कलन गरिएका असाङ्ख्यिक तथ्यहरूलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान (त्तगबष्तिबतष्खभ चभकभबचअज) भनिन्छ " (पृ.२१) । शाब्दिक तथ्यको तार्किक विश्लेषण गरिने गुणात्मक विधिले तथ्यलाई सङ्गठित तथा एकीकृत गरी कुनै पनि अवस्था र घटनाको गहिरो अध्ययन गर्दछ । यस अनुसन्धानमा स्थलगत अध्ययनका क्रममा विद्यार्थीहरूको अध्ययन स्थलमै पुगेर उनीहरुको वाक्यगठन सम्बन्धी अवस्थाको गहिरोसँग अध्ययन गरी वाक्य निर्माण गर्दा प्रयोग गर्ने क्रियाहरूको पहिचान गर्न उद्देश्यमूलक नमुना छनौटको आधारमा कक्षा पाँचमा अध्ययनरत १० जना विद्यार्थीहरूलाई छनौट गरिएको छ । १० जनालाई मात्र अध्ययनमा सहभागी गराउँदा सहभागीबाट प्राप्त नतिजालाई सामान्यीकरण गर्न सामान्यतया सान्दर्भिक देखिने नभएपनि कक्षा पाँचमा जम्मा १६ जना मात्र विद्यार्थी रहेकामा निकटा र विश्वाका आधारमा समुह छलफलमा बस्न सहमत भएका १० जना हभागीहरूबाट प्राप्त नतिजाले समग्र खस भाषी विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने विश्वास लिइएको छ । सहभागीहरूसँग तिन हप्ताको बिचमा पटक पटक गरी ४ पटक खुल्ला र अनौपचारिक रूपमा समुह छलफल तथा संवाद गरी तथ्य सङ्कलन गरिएको छ । अनौपचारिक अन्तरसंवाद का सम्बन्धमा (भट्टराई, २०६८) ले भनेका छन् एकल वा सामुहिक अन्तर्वार्तामध्ये सामुहिक अन्तर्वार्ताबाट सामाजिक मूल्य मान्यता, भाषिक नमुना, भाषिक प्रयोग र परम्परा, आम धारणा, शब्दभण्डार लगायतका विषय थाह पाउन आत्मियतका साथ अव्यवस्थित तरिकाले अन्तर्वार्ता लिने काम गरिन्छ । यसरी आत्मिय सम्बन्धका साथ भाषिक नमुना, भाषिक प्रयोग र परम्पराका अभिलक्षणहरू प्राप्त हुनेगरी उपयुक्त र विश्वासपूर्ण वातावरणमाबाट उनीहरूले व्यक्त गरेका बोली तथा संवादहरूलाई टिपोट तथा मोबाइलमा रेकर्ड गरिएको छ । यसरी प्राप्त तथ्यलाई लिप्यान्तरण गरी थिम्याटिक विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ ।

## नतिजा र छलफल

प्रस्तुत अध्ययन आधारभूत तह कक्षाँ पाँचमा अध्ययनरत खस भाषी विद्यार्थीहरूको वाक्य गठनमा क्रियापदको प्रयोग सम्बन्धी अवस्थाको अध्ययनसँग सम्बन्धित रहेको छ । लक्षित समुह छलफल र खुला प्रश्नावलीका माध्ययमबाट सङ्कलन गरिएको तथ्यलाई एकीकृत अध्ययन नोटमा ट्रान्स्काइभ गरी कोडिङ गर्दै कोडलाई अलग अलग ग्रुपमा राखेर थिम निर्माण गरी विश्लेषण गरिएको छ । थिमहरुको विश्लेषणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### भूतकालिक क्रियापदको प्रयोगद्वारा वाक्यगठन

कालले समयलाई बुझाउँछ । काललाई परिभाषित गर्ने सन्दर्भमा भनिएको छ "क्रियापदमा भनिएको कार्यव्यापारको समय वा अवस्था बुझाउने व्याकरणात्मक कोटीलाई काल भनिन्छ । कालको शाब्दिक अर्थ समय हो । कालको संकेत मूलतः क्रियाबाट पाइन्छ" (अधिकारी र अन्य, २०८१, पृ . ४३)। क्रियापदले नै कालको संकेत गर्ने हुनाले कुन कालमा वाक्य निर्माण भएको छ भन्ने विषयको निर्धारण क्रियापदले गर्दछ । समयका आधारमा काललाई तिन प्रकारमा विभाजन गर्न सकिन्छ । काल वा समय भूत, वर्तमान र भविष्यत

गरी तिन प्रकारका हुने मान्यतालाई स्वीकार गरिँदै आइएको छ । पाँचका खस भाषी विद्यार्थीहरूले वाक्य निर्माण गर्दा भूतकालीन क्रियापदको प्रयोग अवस्थाको विश्लेषण गर्न विद्यार्थीहरूले समुह छलफलमा अभिव्यक्त गरेका वाक्यात्मक अभिव्यक्तिहरूको सङ्कलन गरी निम्नानुसारको तालिकामा प्रस्तुत गरिएका वाक्यका आधारमा विश्लेषण गरिएको छ ।

**तालिका नं १**

| **क.स** | **विद्यार्थीहरूबाट अभिव्यक्त वाक्य ।** | **नेपालीमा** |
|---|---|---|
| १ | मो कक्षा १ मा पढ्दा सानो छिया । | म कक्षा १ मा पढ्दा सानो थिएँ । |
| २ | मो र रमेश सँगै बस्ता छियौँ । | म र रमेश सँगै बस्थ्यौँ । |
| ३ | मेरी आमा मोइन माया गद्दिछिन् । | मेरी आमा मलाई माया गर्थिन । |
| ४ | मेरो साथी कोई छियन् । | मेरो साथी कोही थिएन । |
| ५ | सरहरू धेरै माया गर्दा छिया । | सरहरू धेरै माया गर्थे । |
| ६ | हामीरू चौणौनु गुच्चा खेल्ला छियौँ । | हामी चउरमा बसेर गुच्चा खेल्थ्यौँ । |
| ७ | तो मोइन हेला गद्दछिनस् । | त मलाई हेला गर्थिस । |
| ८ | तिन कक्षा पढ्ने बेला तोईले मेरो कापी चोरिछि त । | तिन कक्षा पढ्ने बेला तैले मेरो कापी चोरेको थिइस् । |
| ९ | एकदिन तेरा बाबाले गालि गऱ्या र रोईछि त । | एक दिन तिम्रो बाबाले गालि गर्दा रोइथिस । |
| १० | दिनेश त फटा छियो । | दिनेश त फटाह थियो । |
| ११ | मो सधै फस्ट आउनो छियाँ । | म सँधै फस्ट आउँथे । |
| १२ | सबै मिलेर बाणीको काँग्णा चोरी खायौँ | सबै मिलेर बारीको काँक्रा चोरेर खायौँ । |
| १३ | हामी दश जना १ कक्षादेखि सँगै पड्यौँ । | हामी दश जना १ कक्षादेखि सँगै पढ्यौँ । |

विद्यार्थीहरूलाई समुहमा राखेर पहिले आफु सानो कक्षामा पढ्दाका अनुभव सुनाउँदै तपाईहरुका कक्षा चारदेखि पहिलेका अनुभवहरू कस्ता छन् सुनाउनुहोस् भन्दा खुलेर प्रस्तुत भएका अभिव्यक्तिहरूलाई विश्लेषण गर्दा अधिकांश विद्यार्थीहरूले माथि तालिकामा प्रस्तुत वाक्यहरूको प्रयोग गको पाइयो । सहभागी विद्यार्थीहरूले भूत कालिक क्रियाको रूपमा छिएँ, छियन, छिया, छियौँ, छिईन् जस्ता क्रियाको प्रयोग गरेको देखिन्छ । यस किसिमका क्रियापदहरू थिएँ, थिएन, थिए, थियौँ, थिइन नेपाली क्रियापदको स्थानमा आएका देखिन्छन् । भूतकालीन वाक्य निर्माण गर्दा 'थ' को स्थान 'छ' ले ओगटेको पाइयो । अन्य क्रियापदमा भने उही र उस्तै क्रियाहरू प्रयोग भएको पाइएको छ । हामी सात जना १ कक्षादेखि सँगै पड्यौँ । र सबै मिलेर बाणीको काँग्णा चोरी खायौँ । यी दुबै वाक्यमा प्रयोग भएका पड्यौँ र खायौँ क्रियापदमा पड्यौमा 'ढ' को स्थानमा 'ड' को प्रयोग भएपनि मूल शब्दमा खासै असर परेको देखिन्न भने खायौँ जस्ताको त्यस्तै दोहोरिएको छ । त्यसैले खस भाषी विद्यार्थीहरूमा भूतकालीन क्रियाको प्रयोग गर्दा क्रियाको पहिलो वर्ण 'थ' हुनुपर्नेमा 'छ' हुनेगरेको पाइएको छ । त्यसैगरी भूतकालीन क्रिया प्रयोग गरेर वाक्य निर्माण गर्ने सन्दर्भमा विद्यार्थीहरूले

सामान्य भूत जनाउने वाक्य र अभ्यस्त भूत जनाउने वाक्यहरू धेरै प्रयोग गरेको पाइएको छ। त्यसपछि पूर्ण भूतकालीन शब्दहरूको सामान्य प्रयोग गरेको पाइएको छ। भाषिक अन्य सन्दर्भमा भने सर्वनामको प्रयोगमा 'म' को ठाउँमा 'मो' र 'त' को ठाउँमा 'तो' त्यसैगरी लाई विभक्तिको स्थानमा 'इन' प्रयोग गरेर त्रुटि गरेको पाइयो। यस्ता त्रुटिहरू निराकरणका लागि त्रुटि विश्लेषणको मान्यता अनुसार त्रुटि हुनाका कारण पहिचान गरी शिक्षकले समेत शिक्षण कौशलमा सुधार गर्दै विद्यार्थीहरूलाई स्तरीय स्वरूपका शब्दहरुको नियमित उच्चारण अभ्यास र वाक्य संरचनाका तहमा समेत लेखन तथा पठन अभ्यास गराएर कालको संकेत गर्ने क्रियापदको शुद्ध नेपाली उच्चारण, पठन र लेखन अभ्यास गराउनु पर्ने आवश्यकता देखिएको छ।

## वर्तमानकालीन क्रियापदको प्रयोगद्वारा वाक्यगठन

समय सूचक कालका तिन प्रकारमध्ये वर्तमान कालले अहिलेको चलिरहेको समयलाई संकेत गर्दछ। "अहिले भइरहेको समयलाई वर्तमान काल भनिन्छ। यसले कुनै पनि कार्य व्यापार प्रारम्भ हुन लागेको वा प्रारम्भ भई समाप्त भइनसकेको समयलाई सङ्केत गर्दछ" (भट्टराई र ढुङ्गेल,२०७९, पृ.७०)। यसरी अहिले चलिरहेको समय जनाउने किसिमका वाक्य निर्माण गर्दा खस भाषी विद्यार्थीहरूले प्रयोग गर्ने क्रियापदको अवस्था अध्ययनका लागि गरिएको यस अनुसन्धानमा खस भाषी विद्यार्थीहरूले आफ्ना अभिव्यक्तिमा प्रस्तुत गरेका प्रतिनिधिमूलक वाक्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

**तालिका नं २**

| क.स | विद्यार्थीहरूबाट अभिव्यक्त वाक्य । | नेपालीमा |
|---|---|---|
| १ | हामी कक्षा पाँचमा पड्छौँ। | हामी कक्षा पाँचमा पढ्छौँ। |
| २ | राकेश कछ्याको फस्ट विद्याथ्थी हो। | राकेश कक्षाको फस्ट विद्यार्थी हो। |
| ३ | मोलाई त कविता पड्न मन लाग्छ। | मलाई त कविता पढ्न मन लाग्छ। |
| ४ | राकेश सद्दै होमवक गरी आउँदोछ। | राकेश सधैं होमवक गरी आउँछ। |
| ५ | मुस्कान कत्ति पुनि जान्नैन सर। | मुस्कान कत्ति पनि जान्दैन सर। |
| ६ | सर त्यो त लेख भुन्यापनि कहिल्यै लेख्तैन। | सर त्यो त लेख भनेपनि लेख्दैन। |
| ७ | कइले कइले त घोइराया पनि सुन्नैन। | कहिले कहिले त बोलाया पनि सुन्दैन। |
| ८ | अबदेखि राम्मोसँग पड्। | अबदेखि राम्रोसँग पढ्। |
| ९ | तो भन्ना त सीता भन्या मान्नि छ। | त भन्दा त सीता भनेको मान्छे। |
| १० | अबदेखि तोइन केई हान्नै न। | अबदेखि तलाई केही हान्दिन। |
| ११ | त्यो छलफल नगरी अहिले पनि पड्डै छ सर। | त्यो छलफल नगरी अहिले पनि पढ्दै छ सर। |

खस भाषी विद्यार्थीहरूले वाक्य गठन गर्दा वर्तमानकालीन वाक्यमा क्रियाको प्रयोग अवस्थालाई त्रुटिविश्लेषण सिद्धान्तका आधारमा गरिएको छ। पढ्छौँ र पढ शब्द हुनुपर्नेमा पड्छौँ र पड भएर 'ढ' को स्थानमा 'ड' आएर अल्पप्राणीभवन भएको देखिन्छ भने हान्दिन, सुन्दैन, लेख्दैन, जान्दैन जस्ता क्रियापदमा 'द' को स्थानमा 'न' आएर वर्ण परिवर्तन भएको

देखिन्छ । यसरी अधिकांश खस भाषी विद्यार्थीहरूले प्रयोग गरेका क्रियाहरूमा ध्वनि विप्रयास र अल्पप्राणीभवन भएको पाइएको छ । त्यो छलफल नगरी अहिले पनि पड्डै छ सर ! यस किसिमको अपूर्ण वर्तमानसँग सम्बन्धित एउटा मात्र वाक्य प्रस्तुत भएको पाइयो । जुन वाक्यमा पनि 'ढ' को स्थानमा 'ड' र 'द' को स्थानमा पनि 'ड' को प्रयोग भएको देखिन्छ । हामी कक्षा पाँचमा पड्छु । राकेश कछ्याको फस्ट विद्याथ्थी हो । मोलाई त कविता पड्न मन लाग्छ  जस्ता वाक्यहरू धेरै मात्रामा प्रयोग गरेर वर्तमान कालका अन्य पक्षहरूमा भन्दा विद्यार्थीहरूले सामान्य वर्तमान पक्ष जनाउने क्रियाहरूको बढी प्रयोग गरेको पाइयो । यसरी खस भाषी विद्यार्थीहरूले वाक्य गठन गर्दा वर्तमानकालीन क्रियाको प्रयोगमा स्तरीय नेपाली भन्दा केही फरक स्वरूप देखाएको पाइएको छ । यस किसिमका समस्या समाधानका लागि शिक्षकले स्तरीय अभ्यास गराएर पढ्न र लेख्न लगाउनुपर्ने र सम्भावित त्रुटि क्षेत्रका क्रिया जनाउने शब्दको स्तरीय स्वरूपको पठन तथा वाचन अभ्यास निरन्तर गराउनु पर्ने देखिएको छ ।

**भविष्यतकालीन क्रियापदको प्रयोगद्वारा वाक्यगठन**

आउने समयको संकेत गर्ने क्रियापद नै भविष्यतकालीन क्रियापदहरू हुन । प्रज्ञा नेपाली बृहत शब्दकोश (२०७९) को परिभाषा अनुसार वर्तमान समयभन्दा पछि आउने समय; आउँदो समयलाई भविष्यत काल जनाउँछ ।  खस भाषाका विद्यार्थीहरूले भविष्यको संकेत गर्ने कस्ता कस्ता क्रियापदको प्रयोग गरेर वाक्य निर्माण गर्दछन् भन्ने सन्दर्भमा प्रस्तुत अनुसन्धानले कक्षा पाँचका विद्यार्थीहरूले अनौपचारिक समुह छलफलमा अभिव्यक्त गरेका मौखिक वाक्यहरूलाई एकीकृत गरेर निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं -३**

| क्र.स | विद्यार्थीहरूबाट अभिव्यक्त वाक्य । | नेपालीमा |
|---|---|---|
| १ | म त भविष्यमा सर बन्नेउँ | म त भविष्यमा सर बन्ने छु । |
| २ | मेरा बाबा विदेशबाट आइसाल आउन्या छन् । | मेरा बाबा विदेशबाट अर्को साल आउनेछन् । |
| ३ | आमाले बहिनी पाउन्या छन् । | आमाले बहिनी पाउने छिन । |
| ४ | म त दशैंमा मामा घर जान्याउँ । | म त दशैंमा मामाको घर जाने छु । |
| ५ | आज त म विदा मागेर घर जान्या छु । | आज त म विदा मागेर घर जाने छु । |
| ६ | शुक्रबार हामी नाच्न्या छऊँ । | शुक्रबार हामी नाच्ने छौँ । |

माथि तालिकामा प्रस्तुत वाक्यहरूको विश्लेषण गर्दा 'म त दशैंमा मामा घर जान्याउँ' जस्ता वाक्य उच्चारण गरेर खस भाषी विद्यार्थीहरुले भविष्यतकालीन समय जनाउने क्रियापदको प्रयोग गर्दा 'छु' को स्थानमा 'उँ' को प्रयोग गरेको पाइएको छ ।

मेरा बाबा विदेशबाट आइसाल आउन्या छन् ।

आमाले बुहिनी पाउन्या छन् ।

म त दशैंमा मामा घर जान्याउँ ।

आज त म विदा मागेर घर जान्या छु ।

प्रस्तुत वाक्यमा प्रयुक्त पाउन्या, नाच्न्या, आउन्या र जान्या क्रियामा एकार लोप भएर आधा 'न' मा 'या' थपोट भएको पाइन्छ । यसरी हेर्दा भविष्तकालीन क्रियापदको प्रयोग गर्दा एकार लोप भएर 'या' थपोट हुने गरेको र 'न' आधा अक्षरको रूपमा प्रयोग गरिने गरेको पाइएको छ । विद्यार्थीले समुह छलफलमा अन्य कालकाभन्दा भिवष्यतकालिन वाक्यहरू कम मात्रामा प्रयोग गरेको देखिन्छ । भविष्यत कालका अन्य पक्षहरुमा भन्दा सामान्य पक्षसँग सम्बन्धित वाक्यहरूको मात्र विद्यार्थीहरूले अभिव्यक्त गरेको पाइएको छ । खस भाषी विद्यार्थीहरूमा आफ्नो मातृभाषाको प्रभाव केही हदसम्मा परेको देखिएको छ भने यस किसिमका त्रुटिहरूको निराकरणका लागि समस्याको पहिचान गरी शिक्षकले विद्यार्थीहरूलाई प्रोत्साहित गर्दै निराकरणात्मक शिक्षण तरिका अपनाउन सकिने देखिएको छ । विद्यार्थीले गरेका कमजोरीहरूलाई भूल तथा प्रयत्नको रूपमा लिएर गल्ती नदोहोर्याउनका लागि आवश्यक प्रयत्न गर्न प्रोत्साहित गर्नुपर्ने देखिएको छ ।

## निष्कर्ष

खस भाषी विद्यार्थीहरूको वाक्य गठनमा क्रियापदको प्रयोग अवस्था पहिचान गर्नका लागि गरिएको प्रस्तुत अध्ययनबाट खस भाषी विद्यार्थीहरूले आफ्ना अनुभवहरू प्रस्तुत गर्ने क्रममा सबैभन्दा धेरै भूतकालीन क्रियापदहरूको प्रयोग गरेको र सबैभन्दा धेरै भूतकालीन क्रियापदमा नै त्रुटि गरेको पाइएको छ । अर्थात भूतकालीन क्रियापदको प्रयोग गर्ने सन्दर्भमा विद्यार्थीहरूले थियो, थिएँ, थियौँ, थिइन जस्ता क्रियापदको स्थानमा छिया, छिए, छियौँ र छिइन् को प्रयोग गरेको देखिन्छ । यसरी क्रियापदमा हुनुपर्ने 'थ' को स्थानमा 'छ' को प्रयोग गरेको पाइएको छ । त्यस्तै वर्तमानकालीन क्रियापदको प्रयोग गरेर वाक्य निर्माण गर्दा अल्पप्राणीभवन तथा वर्ण थपोटको अवस्था सृजना भएको पाइएको छ । वर्तमानकालीन वाक्य बनाउँदा वाक्य अन्तमा क्रियापदको रूपमा पढ्छौँ र पढ शब्द हुनुपर्नेमा पड्छौँ र पड भएर 'ढ' को स्थानमा 'ड' आएर अल्पप्राणीभवन भएको देखिन्छ भने हान्दिन, सुन्दैन, लेख्दैन, जान्दैन जस्ता क्रियापदमा 'द' को स्थानमा 'न' आएर वर्ण परिपर्तन भएको देखिन्छ । त्यस पछि सबैभन्दा कम वाक्यहरूको अभिव्यक्ति भविष्यतकालीन क्रियापद भएका वाक्यहरूको रहेको छ । भविष्यतकालीन वाक्यको निर्माण गर्ने क्रममा 'छु' को स्थानमा 'उँ' को प्रयोग गरेको पाइएको छ भने पाउने, नाच्ने , आउने र जाने क्रियामा एकारको ठाउँमा आधा 'न' मा 'या' थपोट भएको पाइन्छ । यसरी हेर्दा भविष्तकालीन क्रियापदको प्रयोग गर्दा एकार लोप भएर 'या' थपोट हुने गरेको र 'न' आधा अक्षरको रूपमा प्रयोग भएको पाइएको छ । खस भाषी विद्यार्थीहरूको मातृभाषा तथा पहिलो भाषाको भाषिक प्रभावका कारण दोस्रो भाषा अर्थात नेपाली भाषामा वाक्यगठ गर्दा ध्वनि विप्रयास, महाप्राणीभवन हुने, वर्ण थपोट तथा वर्ण लोप हुने आदि कारण विद्यार्थीहरूले वाक्यगठन गर्दा कालिक क्रिया प्रयोगमा त्रुटिहरू गर्ने गरेको निष्कर्ष निकालिएको छ । त्यसखाले त्रुटि न्यूनीकरण गरी स्तरीय नेपाली क्रियापदको प्रयोग गरेर वाक्य निर्माण गर्न त्रुटि हुनुका कारण र निराकरणका उपायहरू पहिचान गरी सम्भावित क्रियाकलापका रूपमा स्तरीय क्रियापदयुक्त नमुना वाक्यहरू प्रदर्शन तथा प्रस्तुत गर्ने, विद्यार्थीहरूलाई स्तरीय नेपालीका क्रियापदहरू मात्र

दिएर त्यसलाई प्रयोग गरी वाक्य बनाउन निर्देशन तथा सुझाव दिने जस्ता क्रियाकलाप अपनाउन सकिने देखिएको छ । त्यसैगरी स्तरीय नेपालीमा वाक्य गठन भएका पाठ तथा अनुच्छेदहरू अनुलेखन गर्न लगाउने, स्तरीय तथा मानक नेपाली भाषाको प्रयोग भएका पाठ तथा अनुच्छेदहरू द्रुत पठन गर्न, स्तरीय क्रियापदको प्रयोग गरेर पढ्दा, बोल्दा, लेख्दा कम त्रुटि गर्ने विद्यार्थीलाई पुरस्कारको व्यवस्था सहित पठन तथा लेखनका विभिन्न गतिविधिहरू सञ्चालन गर्ने जस्ता क्रियाकलाप गराउन सकेमा खस भाषी विद्यार्थीले वाक्य गठन गर्दा क्रियाको प्रयोगमा गर्ने गरेको त्रुटि न्यूनीकरण हुने देखिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, र अन्य (२०८१), *कार्यमूलक नेपाली व्याकरण बोध तथा अभिव्यक्ति,* क्वेस्ट पब्लिकेसन ।

अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रयोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

आचार्य, ओमप्रकाश (सन २०१८), जुम्ली भाषाको वाक्यमा कालगत (पक्ष) व्यवस्था, *स्पन्दन भोलुम २*

आचार्य, ओमप्रकाश (सन २०२४), जुम्ली भाषाको नाम र कोटिकरबीचको सङ्गति व्यवस्थाले नेपाली भाषाको सिकाइमा परेको प्रभाव, *स्पन्दन जर्नल भोलुम १४* पृ . ३२

खनाल, पेसल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

खनिया, बुद्धराज (२०८१), *नेपाली भाषा शिक्षण,* जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ्स हाउस प्रा.लि. ।

खत्री, प्रकाशचन्द्र (सन २०२४), खस मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गरेका त्रुटिको विश्लेषण, *ए.एम. सी. जर्नल भोलुम ५* पृ. १४९

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* पाठ्यसामग्री प्रकाशन ।

चौलागाई, प्रेमप्रसाद (२०७९), *भाषाविज्ञानको परम्परा र पद्धति,* ओरिएन्टल पब्लिकेसन ।

पौडेल, माधव प्रासद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,* हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रीब्युटर्स प्रा. लि. ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९), *प्रज्ञा नेपाली बृहत नेपाली शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चुडामणि (२०७७), *भाषाविज्ञान,* साझा प्रकाशन ।

बन्धु, चुडामणि (२०७७८), *भाषाविज्ञानका सम्प्रदाय,* एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. ।

भट्टराई, डी.पी र ढुङ्गेल, डिल्लिराम (२०७९), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,* विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* शुभकामना प्रकाशन प्रालि ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,* सनलाईट पब्लिकेसन ।

लम्साल, रामचन्द्र (२०६८), *नेपाली भाषा र व्याकरण,* सनलाट पब्लिकेसन ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* नेपाल प्रज्ञा प्रतिष्ठान ।